बैठक सङ्ख्या : ३८
मिति : २०८१।१२।०४ गते
समय : दिनको ०३:०० बजे
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८१ सालचैत्र महिनाको ४ गते मंगलबार दिनको३:३० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ३८ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

तपसिल :

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| नरपुरा बुढा पुन | उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जगत घर्ती | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि.क. | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| चित्र बहादुर घर्ती | ७ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं.वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा | १४ नं. वडा अध्यक्ष |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| जानु छन्त्याल | कार्यपालिका सदस्य |
| जुन प्रसाद बुढा | १३ नं. का.वा. अध्यक्ष |
| माल बहादुर बुढा | १० नं. का.वा. अध्यक्ष |
| तिर्थ कुमारी मल्ल | ६ नं. का.वा. अध्यक्ष |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |

ध्रुव वि.क. सदस्य सचिव

अन्य उपस्थिति :

हरि चन्द्र वि क कम्प्युटर अपरेटर

हिक्मत पोर्तेल कम्प्युटर अपरेटर

३८ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :

१. अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।

२. स्थानीय विकास सहयोग कार्यक्रम सम्बन्धमा

३. सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन सम्बन्धमा ।

४.दुर्घटनाग्रस्त बोलेरो गाडी नं. दर्ता खारेजी संम्बन्धमा ।

५. शिक्षा योजना निर्माण तथा कार्यन्वयन सम्बन्धमा

६.विविध सम्बन्धमा

निर्णयहरू :

१. यस गाउँ कार्यपालिकाको ३७ औं कार्यपालिका बैठकमाभएका सवारी साधन संचालन तथा व्यवस्थापन कार्यविधि लगायत अन्यविभिन्ननिर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल रकार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथसंदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ३८ औं कार्यपालिका बैठक प्रारम्भ गरियो ।

२.नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मंन्त्रालयले दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरुलाई सहयोग गर्ने उद्देश्यले नेपाल सरकार र वेलायत सरकारको सहकार्यमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको लागि स्थानीय पूर्वधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम तपसिलका योजना तथा कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

- मैकोट दम्चा हान्पा हुदै दुले सडक (वडा नं. १)
- पाङ्गेरे झोलुङ्गे पुल (वडा नं. २)
- किलापो सुनदह झोलुङ्गे पुल (वडा नं. ३)
- घुन्मा खोला ट्रस पुल (वडा नं. ४)
- देउराली मा.वि. विद्यालय ~~मर्मत~~ निर्माण (वडा नं. ५)
- मयाङ खानेपानी निर्माण (वडा नं. ६)
- जाङ देखि खासिङ कृषि सडक (वडा नं. ७)
- मानव कासतारा सडक स्तरउन्नती (वडा नं.८)
- हालबाङ पुनमचौतारा कृषि सडक निर्माण (वडा नं. ९)
- कोरालीबाङ कामि खर्क झोलुङ्गे पुल निर्माण (वडा नं. १०)

- ❖ टुपाँ तातुँ कृषि सडक (वडा नं. ११)
- ❖ पिपलतुङ जाजरबाङ कृषि सडक (वडा नं. १२)
- ❖ पदमी त्रीवेणी सडक स्तरोन्नती (वडा नं. १३)
- ❖ राङ्सी वस्ति विकास निर्माण (वडा नं. १४)

३. नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मितिः २०८१।११।२३ चलानी नं. १४८ को पत्रानुसार नेपाल सरकार र स्वीजरल्याण्ड सरकारवीच द्विवक्षीय सम्झौता अनुसार नेपालको ७५३ वटै स्थानीय तहमा सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चाल तथा व्यवस्थापन हुने भएकोले पुथा उत्तरगङ्गा गाउँपालिकामा पनि सो कार्यक्रम सञ्चालन गर्नको लागि बजेट साझेदारी गर्ने निर्णय गरियो ।

४. पुथा उत्तरगङ्गा गाउँपालिकाको नाममा दर्ता कायम भएको रा १ झ २०० नं. प्लेटको बोलेरो गाडी मितिः २०८१।०५।२८ गते बागलुङ जिल्ला गलकोटमा भएको दुर्घटनामा परि क्षतिग्रस्त भएको हुँदा उक्त गाडीको दर्ता खारेजीको लागि यातायात व्यवस्थापन कार्यालयमा प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५. यस पुथा उत्तरगङ्गा गाउँपालिका रुकुम पूर्वको शिक्षा योजना निर्माण कार्यदलले विकास गरेको शिक्षा योजना स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

विविध सम्बधमा

- पुथा उत्तरगङ्गा गाउँपालिकाका भित्र चल्ले सवारी साधनलाई थप व्यवस्थित र सर्व शुलभ वनाउने उद्देश्यले निर्माण भएको सवारी  सवारी साधन संचालन तथा व्यवस्थापन कार्यविधि अनुसार गाउँपालिका भित्र आवत जावत गर्ने विभिन्न सवारी साधनलाई कार्यविधि अनुसारको राजश्व संकलन गर्न पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. क्यूबाङमा राजश्व संकलन केन्द्र राख्ने निर्णय गरियो ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगत प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) कार्यक्रम सवन्वय इकाई को आ.व. २०८१।८२ च.न. २४२ मिति २०८१।११।२३ गतेको प्राप्त पत्रानुसार सूचना प्रविधि अधिकृतको योग्यता, प्रारिश्रमिक तथा सेवा सुविधा लोक सेवा आयोगले कम्प्यूटर ईन्जिनियरिङ वा कम्प्यूटर अधिकृत रा.प. तृतीय श्रेणी वा प्रदेश तथा स्थानीय तह को नियमानुसार अधिकृत सरह तोकिय बमोजिम हुनेछ भनी उल्लेख भए बमोजिम यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत अधिकृत छैठौं श्री जयबाबु खड्कालाई सूचना प्रविधि अधिकृत सातौंको नियुक्ती गर्ने निर्णय गरियो ।

- पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ४ मा कार्यालय सहायकमा कार्यरत सिता गौचनको कार्यसंपादन सन्तोसजनक नभएकोले करार सम्झौता खारेज गरी उक्त पदमा पदपूर्ती गर्ने निर्णय गरियो ।

- पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ४ का मनिशा विश्वकर्माको आर्थिक अवस्था नाजुक  भएकोले निज ब्यक्तिको आर्थिक स्तर वृद्धि गर्न निजले सञ्चाल गरेको होमस्टेमा रु ५० हजार बराबरको सामाग्री सहयोग गर्ने निर्णय गरियो ।

CamScanner